फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : १ संख्या : २५ मितिः २०७५/०६/२१

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## टोल विकास संस्था गठन र सञ्चालन कार्यविधि, २०७५

कार्यपालिकावाट स्वीकृत मितिः २०७५/०२/१०

**प्रस्तावना,**

नेपालको संविधान अनुसार ३ तहका सरकारका सामुहिक र छुट्टा छुट्टै अधिकार सूचि उल्लेख भएको र सोही अनुसार सरकार सञ्चालन भएका छन । यस नगरपालिका अन्तर्गतका सवै वडाहरुमा सेवा प्रवाह, सुशासन प्रवर्द्धन, समावेशी विकास प्रकृया सहभागीतामूलक हिसावले प्रभावकारी बनाई अगाडि बढाउन यस नगरपालिकाका ११ वटै वडामा टोल विकास संस्था गठन एवं परिचालनका लागि फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन , २०७५ को दफ ४ ले दिएको अधिकार प्रयोग गरी फलेवास नगर कार्यपलिकाले यो टोल विकास संस्था गठन र सञ्चालन कार्यविधि २०७५ जारी गरेको छ ।

## भाग १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम टोल विकास संस्था गठन र संचालन कार्यविधि, २०७५ रहनेछ ।

ख. यो कार्यविधि फलेवास नगरकार्यपालिकाले स्वीकृत गरेको मितिवाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. कार्यविधि भन्नाले फलेवास नगरपालिका भित्रका ११ वटा वडामा गठन भएका सम्पूर्ण टोल विकास संस्थाहरुको गठन र परिचालनको लागि जारी गरिएको टोल विकास संस्था गठन र संचालन कार्यविधि ,२०७५ सम्झनुपर्छ ।

ख. नगरपालिका भन्नाले फलेवास नगरपालिका सम्झनु पर्नेछ ।

ग. नगरकार्यपालिका भन्नाले फलेवास नगरकार्यपालिका सम्झनु पर्नेछ ।

घ. वडा कार्यालय भन्नाले फलेवास नगरपालिका अन्तर्गतका ११ वटा वडामा सञ्चालन भएका वडा कार्यालयहरु बुझिनेछ ।

ङ. टोलविकास संस्था भन्नाले यसै कार्यविधि अनुसार फलेवास नगरपालिका अन्तर्गत ११ वटै वडाका सवै बस्तीमा गठन भएका संस्थाहरु बुझिनेछ ।

च. सामुदायिक संस्था भन्नाले यस नगरपालिकाका सवै वडाहरुमा गठन भएका विभिन्न समुह, संस्था तथा समुदायमा आधारित गैरसरकारी संस्थाहरुलाई सम्झनु पर्नेछ ।

छ. सरोकारवाला भन्नाले टोलविकास संस्थाहरुद्धारा सञ्चालन गर्ने विभिन्न कार्यक्रम, गतिविधिहरु संग प्रत्यक्ष र अप्रतक्ष्य रुपमा सरोकार राख्ने संस्था, व्यक्ति एवं सरकारी निकाय र नगरपालिका समेत बुझिनेछ ।

ज. कार्यक्रम भन्नाले यसै कार्यविधि अनुसार गठन भएका विभिन्न संस्थाहरुद्धारा आफ्नो क्षेत्रभित्र संचालन गर्ने विभिन्न कार्यक्रमहरु भन्ने बुझिनेछ ।

**३. कार्यविधिका उद्देश्यहरु**

क. फलेवास नगरपालिकाको सेवा प्रवाह प्रभावकारी बनाउन सवै वडाहरुका टोल तथा बस्तीस्तर सम्म कार्यक्रम कार्यान्वयन गर्न सहयोग पुर्‍याउने,

ख. टोल विकास संस्था परिचालन तथा सहजीकरण गरी कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने,

ग. नगरपालिकाद्धारा स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयनमा सहजता ल्याउने,

घ. आफ्नो टोलको सर्वाङ्गीण विकासका कृयाकलाप संचालनको लागि समन्वय प्रभावकारी बनाउने,

ङ. सामाजिक, आर्थिक लगायतका सचेतना अभिबृद्धि र पूर्वाधार निर्माणको लागि समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी बनाउने,

च. फलेवास नगरपालिकाको ११ वटै वडामा सूचना प्रवाह, कार्यक्रम कार्यान्वयन लगायतका क्रियाकलापमा एकरुपता कायम गर्न सघाउ पुऱ्याउने,

छ. टोल विकास संस्था गठन गरी तीनिहरुको परिचालन, क्षमता विकास र संस्थागत क्षमता विकासमा टेवा पुऱ्याउने,

## परिच्छेद २
## रणनीति तथा कार्यक्षेत्र

### १. रणनीति

क. स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन गर्ने संस्थागत संयन्त्र निर्माण गरी कार्यक्रमको दिगो कार्यान्वयनमा जोड दिइने,

ख. स्थानीय सीप, श्रमको उपयोग गरी स्थानीय स्रोत साधनको परिचालनमा जोड दिइने,

ग. स्थानीय रुपमा कार्यक्रम कार्यान्वयनमा अपनत्व बढाई प्रवाभकारीता बृद्धि गरिनेछ,

घ. सम्पूर्ण वडाहरुका सवै बस्तीहरुमा टोलविकास संस्था गठन गरी आपसी विश्वास, साझेदारी, समन्वय र सहकार्यमा जोड दिदै नगरपालिकाको कार्यक्रम कार्यान्वयनमा त्यस्ता संस्थाहरु परिचालन गरिनेछ,

### २. कार्यक्षेत्र

क. अति सन्नीकट रहेका बस्तीहरु मिलाएर प्रत्येक वडामा बढिमा १० वटा टोल विकास संस्था गठन गर्न सकिनेछ,तर बस्ती नमिलेको अवस्थामा भने साविकका वडाहरुलाई आधार बनाउन सकिनेछ ।

ख. मिलेर रहेका साविकका गाविसका १ भन्दा बढि वडाहरु भएमा समेत एउटै टोल विकास संस्था गठन गर्न सकिनेछ ।

ग. यस्ता संस्थाको मुख्य कार्यक्षेत्र आफ्नो बस्ती एवं तोकिएको टोल हुनेछ ।

घ. अन्य संस्थाको समन्वय, सहमति र साझेदारीमा आवश्यकतानुसार आफ्नो वडा भित्र र अन्य वडामा समेत कार्यक्रम कार्यान्वन गर्न सकिनेछ ।

## परिच्छेद ३
## संस्थागत व्यवस्था

### १. संस्था गठन र सञ्चालन

नगरपालिकाका प्रत्येक वडाहरुका सवै बस्ती (साविक गाविसका वडा) मा टोल विकास संस्था गठन देहाय अनुसार हुनेछ ।

क. प्रत्येक टोलमा गठन हुने यस्ता संस्थाहरुमा टोल तथा बस्ती तथा साविक वडाका सम्पूर्ण उपभोक्ता तथा घरधुरीहरुको सहभागितामा ९ देखि १५जना सम्मको टोल विकास समिति गठन हुनेछ । यस्तो समितिको अवधि २ वर्षको हुनेछ । साथै प्रत्येक २ वर्षमा निर्वाचित हुने समितिको जानकारी वडा र नगर कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ ।

ख. उपदफा क मा भएको समितिमा उक्त बस्ती भित्र रहेका प्रचलित कानून अनुसार गठन भएका विभिन्न संघ संस्था, आमा समूह, महिला समूह, क्लव, समितिहरु लगायतका गैर सरकारी संस्थाका एक संस्था एक प्रतिनिधि हुनेगरी वढिमा ५ जना सदस्य रहनेछन् ।

ग. क अनुसारको समिति गठन गर्दा महिला स्वास्थ्य स्वयंसेविका १ जना सदस्य रहनेछन् ।

घ. समिति गठन गर्नुपूर्व सवै घरधुरीमा सार्वजनिक रुपमा उपस्थिति वारे जानकारी गराउनुपर्नेछ ।

ङ. समिति गठन गर्दा वडा अध्यक्ष वा सदस्य वा वडा कार्यालयको कर्मचारी प्रतिनिधि, सामाजिक परिचालक वा वडा कार्यालयले खटाएको अन्य कुनै कर्मचारीको रोहवरमा गठन गर्नुपर्नेछ ।

च. जातिय, लैंगिक तथा भौगोलिक लगायतका आधारमा समिति समावेशी रुपमा गठन गर्नुपर्ने छ भने कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य सहभागी गराउनुपर्नेछ ।

छ. समितिमा अध्यक्ष, उपाध्यक्ष र सचिव चयन हुनेछन भने उल्लिखित ३ पद मध्ये १ जना महिला अनिवार्य हुनेछन् ।

ज. समितिमा एकै घरका १ भन्दा बढि सदस्य रहन सक्ने छैनन ।

झ. समिति गठन सर्वसम्मतिले गरिनेछ, सो हुन नसकेमा बस्तीका साधारण सदस्यको बहुमतले निर्णय हुनेछ ।

ञ. टोलका सवै घरधुरीको १ साधारण सभा रहनेछ भने प्रत्येक वर्ष कम्तिमा १ पटक साधारभेला आयोजना गरी वर्ष भरिका गतिविधि, कार्य, आगामी योजना लगायत सार्वजनिक परिक्षण तथा सुनुवाई जस्ता कार्य गर्नुपर्नेछ ।

ट. वडा कार्यालयमा प्रत्येक टोल विकास संस्थाको अभिलेख रहनेछ । साथै नगरकार्यपालिकामा उक्त संस्था दर्ता गरेपश्चात मात्र नगरपालिकासंग सहकार्य, समन्वय र साझेदारी गर्न सकिनेछ भने नगर कार्यपालिकाद्धारा टोलविकास संस्था दर्ता पश्चात अनूसूचि १ बमोजिमको दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।

## २. समितिका सदस्यको योग्यता

क. तोकिएको टोल एवं बस्ती भित्रको वासिन्दा,

ख. तोकिएको टोल भित्रका एक घर एक प्रतिनिधि संस्थाको साधारण सदस्य रहनेछन् भने सदस्यको उमेर कम्तिमा १८ वर्ष उमेर पुगेको,

ग. फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको,

घ. पहिलो पटकको समिति गठनमा वाहेक अन्य अवस्थामा संस्थाको अध्यक्षमा निर्वाचित हुन कम्तिमा एक कार्यकाल समितिको सदस्य भै कार्य गरेको,

ङ. वहालवाला कर्मचारी र राजनीतिक दलको पदाधिकारी समितिको सदस्य बन्न पाइनेछैन ।

## ३. समितिको काम कर्तव्य र अधिकार :

क. आर्थिक सामाजिक, शैक्षिक तथा जनचेतना अभिबृद्धि गर्ने कार्य र सामाजिक परिचालनका कार्यक्रम, शिक्षा स्वास्थ्य, सरसफाइ लगायतका विभिन्न टोल सुधारका काममा अभियान सञ्चालन गर्ने । वडा कार्यालय तथा नगरकार्यपालिकाको कार्यालयद्धारा सुम्पिएका कार्यहरु गर्नेछ । साथै वडा टोल समितिले वडा कार्यालय र नगर कार्यपालिकाको स्वीकृति लिएर अन्य सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गरी प्रचलित कानून भित्र रहेर सहयोग लिन सक्नेछ ।

ख. समितिले आफ्नो टोल तथा बस्ती भित्रका सवै प्रकारका रचनात्मक तथा विकास निर्माणका काममा सहजीकरण र परिचालन तथा मार्गदर्शन लगायतका कार्य गर्नेछ ।

ग. आफ्नो क्षेत्र भित्र सम्पादन गरेका क्रियाकलापहरुको पारदर्शी अभिलेख राख्ने र सोको सार्वजनिकि गर्ने ।

घ. वडा तथा नगरपालिका र अन्य निकायसंग टोलको समृद्धिको लागि सहयोग, सहकार्य, समन्वय र साझेदारी गर्ने ।

ङ. सचेतना बढाउने, टोल सरसफाइ, विकृति विसंगती हटाई सामाजिक एकता, विश्वास र सद्भाव निर्माण गर्ने ।

च. टोलका सदस्यको क्षमता विकास, आयआर्जन बढाउन काम गर्ने ।

छ. टोल भित्र सञ्चालन हुने विकास निर्माण, आर्थिक सामाजिक पूर्वाधार लगायतका विभिन्न कामको समयमानै गुणस्तरीय कार्य सम्पादनको लागि आवश्यक सहयोग, सहकार्य र रचनात्मक सहयोग गर्ने ।

ज. टोलमा सञ्चालन हुने सवै प्रकारका सचेतनामूलक र अन्य अभियानमा जनसहभागिता जुटाउने ।

झ. वडा र नगर कार्यपालिकावाट प्राप्त सूचना तथा मार्गदर्शनहरु सवै टोलवासीहरुमा पुर्‍याउने ।

ञ. वडा र नगर कार्यपालिकाले जिम्मा दिएका अन्य कार्यहरु गर्ने ।

**४. वैठक, साधारण भेला र अधिकार प्रत्यायोजनः**

क. संस्थाको वैठक कम्तिमा २ महिनाको १ पटक बस्नेछ भने आवश्यकता अनुसार जतिसुकै बैठक बस्न वाधा पर्नेछैन ।

ख. संस्थाको साधारण सभा वर्षको १ पटक कम्तिमा बस्नेछ भने प्रत्येक ३ वर्षमा नयाँ समिति गठन गर्नुपर्नेछ ।

ग. समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । संस्था संचालन, मार्ग निर्देशन,नेतृत्व र परिचालन अध्यक्षले गर्ने, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षको कार्य गर्नेछन् ।

घ. सचिवको कार्य अभिलेख राख्ने, सूचना प्रवाह लगायत वैठक संचालन गर्ने हुनेछ । अध्यक्षले अह्राएका र संस्थाको आवश्यकतानुसारका कार्य गर्ने ।

ङ. संस्थाका निर्णय कार्यान्वयनमा सहयोग गर्ने, वैठकमा सहभागि हुने, सूचना प्रवाह गर्ने, अभियान संचालन गर्ने, अध्यक्ष ले अह्राएका र संस्थाको निर्णय अनुसारका अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद ४

## विविध

देहायकका आधारमा संस्था परिपक्व भएको मानिनेछ ।

### १. संस्था परिपक्वताका आधारहरु

क. वार्षिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा नविकरण गरेको हुनु पर्नेछ ।

ख. संस्थाको विधान (आचार संहिता) तयार गरेको हुनेछ ।

ग. सम्पर्क समन्वय नियमित गर्ने गरेको  र वडा तथा नगरकार्यपालिकाका कार्यालयसंग सम्पर्कमा रही कार्य गरेको ।

घ. वडा र नगरपालिकाका अभियानहरु, कार्यक्रमहरु सञ्चालनमा समन्वय र साझेदारी गर्ने गरेको ।

ङ. नियमित रुपमा कम्तिमा २ महिनाको १ वटा वैठक र वार्षिक रुपमा कम्तिमा १ पटक साधारणसभा बस्ने गरेको ।

च. वार्षिक रुपमा संस्थाले गरेका मुख्य कार्यहरुको प्रगति विवरण सम्वन्धित वडा कार्यालय र नगरपालिकामा एक एक प्रति उपलब्ध गराउने गरेको ।

### २. दर्ता प्रकृया, प्रमाणपत्र र अभिलेख

क. टोल विकास संस्था वडा कार्यालयमा अभिलेख रहने र नगर कार्यपालिकामा दर्ता गर्न गरिनेछ ।

ख. दर्ता पश्चात नगर कार्यपालिकाले संस्था दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

ग. संस्थाले वार्षिक रुपमा सम्पादन गरेका कार्यको अभिलेख राख्नेछ ।

घ. वार्षिक रुपमा संस्था नगर कार्यपालिकामा नविकरण गर्नुपर्नेछ ।

### ३. खारेजी र कार्यविधिमा थपघट

क. नगरपालिकाको ऐन,  नियम र कार्यविधिसंग वाझिएको हकमा यो कार्यविधि स्वत खारेज हुनेछ ।

ख. यस कार्यविधिमा थपघट गर्नुपरेमा सो को सम्पूर्ण अधिकार नगर कार्यपालिकाको हुनेछ ।

ग. संस्था नियमानुसार नचलेको र नगर कार्यपालिकाको निर्देशन पालना नगरेको अवस्थामा संस्थाको दर्ता खारेज गर्ने अधिकार फलेवास नगर कार्यपालिकाको हुनेछ ।

## ४. निर्देशनको पालना

क. वडा कार्यालय र नगरकार्यपालिकाको कार्यालयद्धारा संस्थालाई निर्देशन गर्न सक्नेछ भने सो को पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

ख. संस्थाको क्षमता विकासमा समेत वडा कार्यालय र नगरकार्यपालिकाले सहजीकरण, समन्वय र साझेदारी गर्नेछ ।

ग. स्थानीय स्तमा कार्यान्वयन हुने क्रियाकलापहरुलाई संस्था मार्फत गर्न वडा र नगरकार्यपालिकाले प्राथमिकता दिनेछन् ।

## ५. कार्यविधिको प्रयोग

क. यो कार्यविधि फलेवास नगरकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

## अनूसूचि १

## संस्था दर्ता प्रमाणपत्रको नमूना

फलेवास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

## दर्ता प्रमाण पत्र

दर्ता नं :

दर्ता मिति :

फलेवास नगरपालिका वडा नं .... अन्तर्गत ......... बस्ती।टोलमा गठित ................................... टोल विकास संस्था ................... लाई यस नगरकार्यपालिकाको कार्यालयद्धारा जारी टोल विकास संस्था गठन, परिचालन र व्यवस्थापन कार्यविधि, २०७५ अनुसार दर्ता गरी यो आवद्धता प्रमाण पत्र प्रदान गरिएको छ ।

कार्यालयको छाप

दर्ता गर्ने अधिकारीः
नाम :
पद :
मितिः

दर्ताको लागि निवेदन साथ संलग्न गर्नुपर्ने अन्य कागजपत्रहरु

१. अनुसूचि २ बमोजिमको निवेदन ।

२. वडा कार्यालयको सिफारिस ।

३. टोल विकास संस्थाको समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव लगायतका पदाधिकारीको नागरिकताको प्रतिलिपि १प्रति ।

४. संस्था गठन गर्दा आयोजित भेलाको वैठक र निर्णय पुस्तिकाको प्रतिलिपि प्रति ।

## अनुसूचि २
## दर्ता गर्न दिने निवेदनको ढाँचा

**मिति : ..................**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
फलेवास नगरकार्यपालिकाको कार्यालय,
खानीगाउँ, पर्वत ।

विषय : टोल विकास संस्था दर्ता गरी प्रमाण पत्र प्रदान गरि दिनु हुन ।

प्रस्तुत विषयमा फलेवास नगरकार्यपालिकाद्धारा जारी गरिएको टोल विकास संस्था गठन र सञ्चालन कार्यांधि, २०७५ अनुसार यस नगरपालिकाको वडा नं .........को तोकिएको .................. बस्ती/टोलमा गठित .................................. टोल विकास संस्थालाई दर्ता गरी दर्ता प्रमाण पत्र उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | | अध्यक्ष | | |
| २ | | उपाध्यक्ष | | |
| ३ | | सचिव | | |
| ४ | | सदस्य | | |
| ५ | | सदस्य | | |
| ६ | | सदस्य | | |
| ७ | | सदस्य | | |
| ८ | | सदस्य | | |
| ९ | | सदस्य | | |
| १० | | साधारण सदस्य | | |
| ११ | | साधारण सदस्य | | |
| १२ | | साधारण सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | | साधारण सदस्य | | |
| १४ | | साधारण सदस्य | | |
| १५ | | साधारण सदस्य | | |
| १६ | | | | |

आज्ञाले

मोतीराम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत